**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date:22.09.2024**

- **Governor Mangan Visit**

तीन दिवसीय यात्रामा मंगन जिल्ला निस्किनुभएका राज्यपाल श्री ओमप्रकाश माथुर आज चुङथाङ पुग्नुभयो। मंगन जिल्ला प्रवेश गर्ने क्रममा उहाँलाई डिक्चुमा अन्य बाहेक यहाँका जिल्लाधीश श्री अनन्त जैन र गान्तोकका जिल्ला अध्यक्ष श्री बलराम अधिकारीले स्वागत जनाउनुभयो। लोअर जङ्गुको फिदाङमा आइपुगेपछि उहाँले स्थानीयवासी र पञ्चायत सदस्यहरूसित अन्तरक्रिया गर्नुभयो। यस अवधि लुम-गोर-सान्तोक ग्राम पञ्चायत एकाईका पञ्चायत सभापति श्री दावा दोर्जी लेप्चाले टिस्टा नदीले यहाँ पुऱ्याएको क्षतिबारे अवगत गराउनुभयो। भ्रमणअवधि राज्यपाललाई सीमा सड़क संगठन, परियोजना स्वास्तिकका कर्णल ऐके दीक्षितले गत वर्षको अक्टोबरमा टिस्टा जलप्रलय अनि यसबाट भएको प्रभावको बारेमा जानकारी दिनुभयो। राज्यपाल श्री माथुरले बाढ़ी प्रभावित क्षेत्रहरूको पुनर्स्थापना कार्यको जायजा लिँदै यसको कार्य प्रगति बारेमा जानकारी पनि लिनुभयो। यसपछि पेगङस्थित ITBP-को एघारौं वाहिनीमा पुग्नुभएका श्री माथुरले सेनाहरूसित कुराकानी गर्दै उनीहरूको साहस र समर्पणको सराहना गर्नुभयो। यसैक्रममा चुङथाङ आइपुगेपछि उहाँलाई क्षेत्र विधायक एवं मन्त्री श्री सामडुप लेप्चाले स्वागत जनाउनुभयो। पछि टाशा टागे सरकारी उच्च माध्यमिक विद्यालयको प्रेक्षा गृहमा आयोजित कार्यक्रममा राज्यपालले स्थानीयवासीसित भलाकुसारी गर्नुभयो।

--------------------------------------X--------------------------------------

- **CM Condolence**

योक्सम टाशीड़िङ निर्वाचन क्षेत्रका पूर्व विधायक थुटोप भोटियाको हिजो निधन भयो। मन्त्री समेत बन्नुभएका स्वर्गीय भोटिया यस निर्वाचन क्षेत्रबाट दुईपल्ट विधायक निर्वाति हुनुभएको थियो। उहाँको निधनमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले दु:ख व्यक्त गर्नुभएको छ। मुख्यमन्त्रीले यस घडीमा शोक सन्तप्त परिवार र आफन्तजनप्रति समवेदना व्यक्त गर्दै दिवंगत आत्माको शान्तिका निम्ति प्रार्थना पनि गर्नुभएको छ। मुख्यमन्त्रीले आफ्नो आधिकारिक शोसल मिटिया पोस्टमा भन्नुभएको छ, आफ्नो निर्वाचन क्षेत्र र राज्यका जनताप्रतिको उहाँको अटल समर्पण र सेवा सधैं स्मरणीय रहनेछ। दयालु स्वभाव अनि प्रतिबद्ध जनसेवकको रूपमा स्वर्गीय भोटियाको विरासतले भावी पीढीलाई सदैव प्रेरणा दिइरहनेछ।

--------------------------------------X--------------------------------------

- **Swachhata Hi Seva**

अहिले देशभरि स्वच्छता ही सेवा अभियान चलिरहेछ। यसैक्रममा यता सिक्किममा पनि विभिन्न स्तरमा यो अभियानको आयोजना भइरहेछ। यस्तोमा आज राज्यका केही भागमा स्वच्छता ही सेवा अभियानअन्तर्गत सफाई मित्र स्वच्छता शिविरको आयोजना गरियो। उत्तर सिक्किमको माङ्गशिलामा आयोजित यस अभियानमा लोकसभा सांसद श्री इन्द्रहाङ सुब्बा सहभागि बन्नुभयो। उहाँले आफ्नो सम्बोधनमा भन्नुभयो, स्वच्छता एकजना व्यक्तिले गर्ने काम होइन, तर यसलाई स्वच्छ भारतप्रति प्रधानमन्त्री श्री नरेन्द्र मोदीको विचारअनुरूप जन आन्दोलन बनाउनु पर्छ। श्री सुब्बाले भन्नुभयो, स्वच्छता आफ्नो वरपर सफा राख्नु मात्र नभएर मर्यादा, अनुशासन र सामूहिक जिम्मेवारीलाई बढावा दिने मानसिकता अपनाउने अभियान हो। यता नाम्ची जिल्लाअन्तर्गत मामले स्वास्थ्य एवं आरोग्य केन्द्रमा स्वच्छ ही सेवा-को ब्यानरमा आयोजित खण्ड स्तरीय सफाई मित्र सुरक्षा शिविरमा शहरी विकास तथा खाद्य एवं नागरिक आपूर्ति विभाग मन्त्री श्री भोजराज राई मुख्य अतिथि हुनुहुन्थ्यो। यस अवसरमा उहाँले मामले, कामराङ र तिङरिथाङ ग्राम पञ्चायत एकाईका सफाई मित्रहरूलाई DIGNITY CARD हस्तान्तरण गर्नुभयो। श्री राईले स्वच्छता ही सेवा र सफाई मित्र सुरक्षा शिविरको महत्त्वमाथि प्रकाश पार्दै यस क्षेत्रको समग्र विकासका निम्ति काम गर्ने वचन दिनुभयो। यसैक्रममा अन्य GPU-का सफाई मित्रहरूको स्वास्थ्य जाँच गर्ने उद्देश्यले दामथाङ, बुमटार र किताम स्वास्थ्य एवं आरोग्य केन्द्रहरूमा सफाई मित्र सुरक्षा शिविर आयोजन गरियो।

--------------------------------------X--------------------------------------

- **Taekwondo**

सिक्किमका अन्तरराष्ट्रिय टाइक्वाण्डो खेलाड़ी त्रिलोक सुब्बाले विश्व टाइक्वाण्डो च्याम्पियनशीप 2024-मा भारतलाई प्रतिनिधित्व गर्ने भएका छन्। उनले राष्ट्रिय ताइक्वान्डो पुम्से टोली स्पर्धामा मास्टर पुरुष विधामा प्रतिस्पर्धा गर्नेछन्। विश्व टाइक्वाण्डोद्वारा तीस नोभम्बरदेखि चार दिसम्बरसम्म आयोजन गरिने पाँच दिवसीय प्रतियोगिता हङकङमा सम्पन्न हुनेछ।

--------------------------------------X--------------------------------------

- **Parliament Conference**

भारतीय संसदले भोलीदेखि नयाँ दिल्लीमा शुरू भइरहेको दुई दिवसीय दशौं राष्ट्रमण्डल संसदीय संघ (CPA) भारत क्षेत्र सम्मेलनको आयोजना गरिरहेछ। सम्मेलनको अध्यक्षता लोकसभा अध्यक्ष श्री ओम बिरलाले गर्नुहुनेछ। लोकसभा अध्यक्ष श्री बिरला राष्ट्रमण्डल संसदीय संघ भारत क्षेत्रका अध्यक्ष पनि हुनुहुन्छ। सम्मेलनअघि CPA भारत क्षेत्र कार्यकारी समितिको बैठक हुनेछ। सम्मेमलनको विषय सतत र समावेशी विकासमा विधायी समितिहरूको भूमिका रहेको छ।

CPA भारत क्षेत्र 2004-मा तत्कालीन CPA एशिया क्षेत्रबाट CPA-का नौं क्षेत्रहरूमध्ये एउटाका रूपमा बनाइएको थियो। वर्तमानमा यसमा भारतको संसद अनि तीसवटा राज्य र केन्द्रशासित प्रदेशका विधानमण्डलसहित एकतीसवटा सदस्य शाखाहरू छन्। CPA भारत क्षेत्र सम्मेलन नयाँ दिल्लीमा आयोजन भइरहेको यो दोस्रोपल्ट हो।

--------------------------------------X--------------------------------------

- **SSLA Pakyong**

सिक्किम स्ट्रेन्थ लिफ्टिङ संगठनले पाकिममा पुरूष अनि महिला वर्गका निम्ति राज्य स्ट्रेन्थ लिफ्टिङ र इनक्लाइन बेञ्च प्रेस च्याम्पियनशीप 2024 आयोजन गर्ने भएको छ। संगठनका कार्यकारी सदस्यहरूले आज पाकिममा एउटा पत्रकाल सम्मेलन डाक्दै यसको जानकारी दिएको हो। आयोजक पक्षकाअनुसार आगामी नौं र दश नोभेम्बरमा आयोजन गरिने दुई दिवसीय प्रतियोगिताको उद्देश्य युवा जमातलाई खेलको माध्यमबाट स्वस्थ्य बन्ने दिशामा अग्रसर गराउनु हो। राज्य भरिका लगभग एक सय पचासजना प्रतिभागीहरूले सहभागिता जनाइरहेको प्रतियोगिताको उद्देश्य स्थानीय खेलाड़ीहरूलाई अवसर दिनु हो।

---------------------------------------X---------------------------------------